# पाँचपोखरी थाङपाल गाउँपालिका
## थाङपालधाप, सिन्धुपाल्चोक

# आय आर्जनका लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०८०

FINAL COPY

**स्विकृत मिति २०८०।०६।०५**

**प्रस्तावना**

यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले व्यवसाय सञ्चालनका लागि बिउ पूँजी अनुदान दिने कार्यलाई निरुत्साहित गर्दै आय आर्जन र उत्पादनमुलक व्यवसाय सञ्चालनमा चासो राख्ने सवै नागरिकलाई पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालनको माध्यामबाट लगानीका अवसरहरु उपलब्ध गराई उनीहरुको जीवन स्तरमा सुधार ल्याउन बान्छनीय भएकोले उत्पादन वा आय आर्जनसँग सम्वन्धित हुने गरी स्वीकृत वार्षिक वजेट, योजना तथा कार्यक्रममा विनियोजित रकमहरुको परिचालन गर्न कृषि, पशु पन्छी व्यवसाय प्रवर्द्धन तथा विकास सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को नियम ३६ बमोजिम पाँचपोखरी थाङपाल गाउँपालिकाले **आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०८०** लागु गरेको छ ।

**परिच्छेद १ :**
**संक्षिप्त नाम, प्रारम्भ र परिभाषा :**

**१. नाम र प्रारम्भः** १.१ यस कार्यविधिको नाम "आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०८० रहने छ ।

१.२ यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि तत्काल लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ गाउँपालिका भन्नाले पाँचपोखरी थाङ्गपाल गाउँपालिकालाई बुझाउने छ ।

२.२ समिति भन्नाले दफा ४ बमोजिम गठित कार्यक्रम छनौट तथा सिफारिस समितिलाई वुझाउने छ ।

२.३ सञ्चालक समिति भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका सम्वन्धित वडाका सहकारी संस्थाको सन्चालक समितिलाई वुझाउने छ ।

२.४ लिखत भन्नाले यस कार्यविधि बमोजिम सहकारी संस्था मार्फत कार्यक्रम परिचालन गर्दा कार्यक्रमको लागि छनौट भएको निवेदकसँग सहकारीले गर्ने सम्झौताको कागजातलाई सम्झनु पर्दछ ।

FINAL COPY

## परिच्छेद २ :
## कोष तथा कार्यक्रम छनौट सम्वन्धी व्यवस्था :

३. आय आर्जनका लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालनका लागि गाउँपालिकामा निम्न अनुसार रकम जम्मा हुने गरि कोष स्थापना हुनेछ । यस कार्यविधि अनुसार परिचालन हुने रकम यसै कोष मार्फत परिचालन गरिनेछ ।

क) आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन कार्यविधि २०७७ अनुसार लगानी भई सहकारीहरुबाट फिर्ता भएको रकम ।

ख) गाउँपालिकाले वार्षिक रुपमा आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचाल शिर्षकमा विनियोजन गरेको रकम ।

ग) आय आर्जन शिर्षकमा अन्य निकायबाट प्राप्त हुने अनुदान रकम ।

४. गाउँसभाबाट विनियोजन भएको रकमबाट सञ्चालन गरिने आय आर्जनसँग सम्वन्धित उत्पादन मुलक कार्यक्रहरु कुन कुन वडामा के कति रकमका कस्ता कस्ता कार्यक्रम सञ्चालन गर्ने भन्ने कुराको निर्णय गाउँपालिकाले गर्नेछ र सो सम्वन्धी सूचना समेत जारी गर्नेछ ।

५. दफा ३ अनुसारको कोष परिचालन गरि सञ्चालन हुने कार्यक्रमको छनौट, सिफारीस र अनुगमन समेत गर्नको लागि गाउँपालिकामा देहाय बमोजिम सदस्य रहेको कार्यक्रम छनौट तथा सिफारीस समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष, | अध्यक्ष |
| गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, | सदस्य |
| आर्थिक विकास समितिको संयोजक, | सदस्य |
| सामाजिक विकास समितिको संयोजक, | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सहकारी हेर्ने शाखा प्रमुख, | सदस्य सचिव |

६. दफा ५बमोजिम गठित समितिले कार्यक्रमहरु देहाय बमोजिम वर्गीकरण गर्न सक्ने छ ।

**क) कल्याणकारी कार्यक्रम :**
कुनै पनि वर्ग, समूदाय वा पक्ष अन्तर्गत विविध कारणले पछि परेका र आफ्नै हैसियतमा मात्र अघि वढ्न असमर्थ व्यक्तिहरुको हित, विकास र मूलप्रवाहीकरणको लागि विशेष रुपमा नै प्राथामिकता दिएर सहयोग गर्नु पर्ने अवस्थामा समितिले सो को कारण समेत खुलाई आवश्यक प्रक्रिया पुरा गरी आय आर्जनको लागि लाग्ने कूल लागतको साठी प्रतिशत बराबर कार्य गराई व्यावसाय दर्ता गर्न लगाएर समितिको निर्णय बमोजिमको रकम पूँजी अनुदान दिन सकिनेछ ।



FINAL COPY

**ख) विषेश प्राथामिकतापूर्ण कार्यक्रम :**

समितिले कुनै कार्यलाई विशेष प्राथामिकता नदिदा त्यस्तो कार्य अधि वढ्न सक्तैन भन्ने ठहर गरेमा त्यस्तो कार्यको लागि पनि माथि ५(क) को प्रक्रिया बमोजिमको सहयोगको गर्ने निर्णय र सिफारीस गर्न सक्नेछ ।

**ग) चक्रिय पूजी परिचालन सम्वन्धि कार्यक्रमहरु :**

समितिले चक्रिय पूँजी परिचालन अन्तर्गत बिउ पूंजी कहिल्यै घट्ने वा घटाउन नमिल्ने गरी सहकारी मार्फत सहुलियत व्याजमा ऋण प्रवाह गर्ने गरी लाभग्राहीको छनौट एवं सिफारीस गर्न सक्नेछ । तर यस्तो कार्यको लागि लाभग्राही छनोट गर्दा अनिवार्य रुपमा व्यावसाय दर्ता गरेको हुनु पर्नेछ भने लाभग्राही छनोट गर्दा सामुहिक व्यावसायलाई विशेष प्राथामिकता दिईनेछ ।

७. माथि दफा ६ को उप दफा (ग) बमोजिमको कार्यक्रमहरु छनौटको लागि समितिले निर्णय बमोजिम सार्वजनिक सूचना मार्फत व्यावसायीहरुको दर्खास्त आह्वान गरिनेछ । यसरी आह्वान गरिएको दर्खास्तमा देहाय बमोजिमका कुराहरु समावेश गर्नु पर्नेछ ।

७.१) व्यावशाय दर्ता प्रमाण पत्र

७.२) व्यावसायीको नाममा भएको जग्गा धनी प्रमाण पूर्जाको फोटोकपी ( आफ्नै नाममा नभए एकाघरको परिवारका सदस्यको जग्गा धनी प्रमाण पूर्जा र निजले दर्खास्तवालालाई उक्त जग्गा यस कार्यविधि बमोजिम ऋण लिने प्रयोजनको लागि प्रयोग गर्न दिने गरि वडाबाट प्रमाणित गरि दिएको मन्जुरीनामा )

७.३) गर्न लागेको व्यावशायको विस्तृत लागत विवरण सहितको व्याशायिक योजना

७.४) वडा कार्यालयको सिफारीस

७.५) आफूले गर्दै गरेको व्यावशायीक कार्यको अवस्था देखिने रंगिन फोटो

७.६) ऋणको लागि दिएको निबेदन

७.७) निवेदकको २ प्रति फोटो

७.८) वडामा छनौट भएको सहकारी संस्थाको शेयर सदस्यता लिएको प्रमाण पत्र

## परिच्छेद : ३
## सहकारी छनौटका आधारहरु :

८. यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि छनौट भएका दर्खास्तवालाहरुलाई कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउन प्रत्येक वडामा सञ्चालनमा रहेका सहकारी संस्थाबाट कृषि सहकारी वा साना किसान सहकारी मध्ये एउटा सहकारी छनौट गरिने छ । यसरी छनौट गर्दा अन्य कुराहरुको अतिरिक्त मुख्य गरी निम्न कुराहरुको आधारमा छनौट गर्नु पर्नेछ ।

८.१) कार्यालय नियमित रुपमा सञ्चालनमा रहेको हुनु पर्ने

८.२) आर्थिक कारोबार बैकिङ प्रणालीबाट गरेको हुनु पर्ने

८.३) नाफा कमाउन सफलता हासिल गरेको हुनुपर्ने

FINAL COPY

८.४) संस्थाको विनियम बमोजिमका अन्य गतिविधिहरु नियमिति रुपमा गरेको हुनु पर्ने ( जस्तै सञ्चालक समिति तथा अन्य उप समितिहरुको बैठक नियमित बस्ने गरेको, साधारण सभा नियमित हुने गरेको, लेखा परीक्षण समयमा नै हुने गरेको, कर चुक्ता गरेको आदि )

९. दफा ८ बमोजिम उल्लेखित आधारहरु मध्ये कुनै आधारहरु पूरा नभएको अवस्थामा समितिले त्यस्तो सहकारी सँग प्रतिबद्धता पत्रमा हस्ताक्षर गराई छनौट गरी काम लगाउन सक्नेछ तर दफा ८ को उप दफा ८.१ र ८.४ बमोजिमको अवस्थामा नभएको सहकारीलाई भने छनौट गर्न सकिने छैन ।

१०. दफा ६ (ग) अनुसारको पूंजी परिचालनका लागि सहकारी छनौटका गर्न दफा ८ मा उल्लेखित योग्यता पुगेका सहकारीहरुबाट प्रस्ताव माग गरिनेछ । यसरी प्रस्ताव माग गर्दा एउटै वडामा एक भन्दा बढी सहकारीबाट आवेदन परेमा वा कुनै वडाबाट सहकारीको प्रस्ताव नपरेको खण्डमा अन्य वडामा रहेको सहकारी मार्फत समेत पूजी परिचालन गर्न सकिनेछ । सहकारीको छनोटका लागि दफा ४ अनुसारको समितिले प्राप्त प्रस्तावको आधारमा उपयुक्त सहकारी छनोट गर्नेछ ।

## परिच्छेद ४
## पूँजी परिचानल तथा कार्यक्रम सञ्चालन सम्वन्धी व्यवस्था

११. कार्यक्रम छनौट तथा शिफारिस समितिले कार्यक्रम छनौट गरी उद्यमीको नाम र निजले पाउने रकम समेत एकिन गरे पछि गाउँपालिकाले उद्यमी भएको वडामा छनौटमा परेको सहकारी संस्था सँग सम्झौता गरि उक्त रकम सहकारीको बैंक खाता मार्फत उपलब्ध गराउनेछ ।

१२. सहकारी संस्थाको नाममा रकम जम्मा गरिएको लिखित जानकारी गाउँपालिकाबाट प्राप्त भए पछि सहकारी संस्थाले दफा ६ को उपदफा (ग) बमोजिमको कार्यक्रमको लागि सहकारीले ऋण लगानी गर्दा अवलम्वन गर्नु पर्ने सम्पूर्ण प्रक्रिया पूरा गराई सो रकम बराबरको ऋण उक्त उद्यमी/लाभग्राहीलाई उपलब्ध गराउनु पर्नेछ । यसरी ऋण प्रवाह गर्दा सहकारीले कुनै पनि सेवा शुल्क लिन वा उठाउन पाउने छैन ।

१३. सहकारीले ऋण लगानी गर्दा चक्रिय पूँजी अन्तरगत लगानी गरिएको ऋणमा ऋणी सदस्यहरुबाट **५ प्रतिशत** व्याज लिन पाउनेछ । यसरी लगानीबाट प्राप्त व्याजलाई सहकारीले संस्थाको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ । सहकारीले लाभग्राहीलाई लगानी गरेको ऋणको अधिकतम अवधि लगानी गरेको मिति बाट बढीमा २ वर्षको हुनेछ भने लाभग्राहीले उक्त रकम ६/६ महिनाको किस्ता वापत सहकारी संस्थालाई फिर्ता गर्नु पर्नेछ ।

१४. सहकारीमा किस्ता असुली पश्चात लगानी असुली भएको किस्ता रकम मध्ये सावाँ रकम असुली भएको मितिले १० दिन भित्रमा गाउँपालिकाको खातामा जम्मा गर्नु पर्नेछ । यसरी गाउँपालिकामा जम्मा भएको रकम कार्यक्रम छनोट तथा शिफारिस समितिको निर्णय अनुसार वैकल्पीक सूचीमा रहेका लाभग्राहीहरुलाई प्राथामिकताको आधारमा लगानी गरिनेछ ।

FINAL COPY

१५. सहकारीले लाभग्राहीहरुलाई ऋण प्रवाह गरे पश्चात सो को विवरण गाउँपालिका समक्ष उपलब्ध गराउन पर्नेछ । यसरी विवरण उपलब्ध गराउँदा लाभग्राहीसँग गरिएको भर्पाइ तथा तमसुकको प्रमाणित प्रति समेत संलग्न राखि पेश गर्नु पर्नेछ । लाभग्राहीबाट किस्ता असुलि पश्चात सहकारीले उक्त रकम गाउँपालिकामा जम्मा गर्दा रकम जम्मा गरेको बैंक भौचर सहित किस्ता असुलि गर्ने लाभग्राहीको विवरण समेत संलग्न गरि पेश गर्नु पर्नेछ

१६. दफा ६ को उप दफा (क) र (ख) बमोजिम छनौटमा परेको कार्यक्रमको लागि सहकारी संस्थाले सम्वन्धित उद्यमीहरुलाई तोकिए बमोजिमको काम सम्पन्न गर्न लगाई सो बापतको रकम उपलब्ध गराउनु पर्नेछ । सहकारी संस्थाले उक्त रकम लाभग्राहीले बुझेको प्रमाण सहितको सक्कल कागजात सहित गाउँपालिकामा पेश गरी रकम माग गर्नु पर्ने छ । यसरी सहकारीबाट रकम माग भए पछि गाउँपालिकाले सहकारी संस्थाको खातामा रकम भुक्तानी गर्नेछ ।

१७. दफा ६ को उप दफा (क) र (ख) बमोजिम छनोट भएका लाभग्राहीका लागि लगानी गर्दा सहकारीले उक्त लाभग्राहीलाई आवश्यक पर्ने थप रकम सहकारीले लगानी गर्न सक्नेछ । यसरी सहकारीले गरेको लगानीको भने सहकारीको नियमानुसार व्याज लिन सकिनेछ ।

१८. यस कार्यविधि अनुसार परिचालन गरिएको रकम तथा व्यवसायको अनुगमन गर्ने मुख्य दायित्व सहकारी संस्थाको हुनेछ । गाउँपालिकाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछ । सहकारीले लगानी गरेको रकम कुनै लाभग्राहीबाट असुल नभएमा उक्त रकम असुलिको दायित्व सहकारी संस्थाको नै हुनेछ ।

१९. यस कार्यविधि अनुसार रकम प्राप्त गर्ने उद्यमी/लाभग्राहीले पछि सो रकमको दुरुपयोग गरेको पाईएमा त्यस्तो व्यक्तिलाई सहकारी संस्थाबाट, वडा कार्यालयबाट र गाउँपालिकाबाट दिईने सुविधा मध्ये व्यक्तिगत घट्ना दर्ता र आधारभूत स्वास्थ्य सेवा बाहेक अन्य सेवा, सुविधा स्थगन गरिने छ । तर पुनः सो रकमको सदुपयोग भएको पाईमा उक्त स्थगन भएका सेवा, सुविधाहरु सुचारु हुनेछन् ।

२०. दफा ६ को उप दफा (ग) बमोजिम गरिने लगानी रकम कम्तीमा ५०,०००।- (पचास हजार रुपैया) र बढीमा रु. २,००,०००।- (दुई लाख रुपैया ) भन्दा वढी हुने छैन । यस्तो ऋण रकम चुक्ता गर्ने अवधि लगानीबाट प्रतिफल प्राप्त हुने समयको आधारमा वढीमा दुई वर्ष भन्दा वढी हुने छैन ।

२१. यस कार्यविधि बमोजिम लगानी गरेको रकमको सम्वन्धित सहकारीले नियमित अनुगमन गर्नु पर्नेछ र सो सम्वन्धि वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२२. सहकारीले रकम लगानी गर्दा गाउँपालिकाले शिफारिस गरेका बाहेक अन्य लाभग्राहीलाई उक्त रकम लगानी गर्न पाउने छैन । तर गाउँपालिकाले शिफारिस गरेको लाभग्राही सहकारीको सदस्य नबनेको भएमा सहकारीले लगानी गर्नु पुर्व उक्त लाभग्राहीलाई सहकारीको सदस्य बनाउन पर्नेछ । छनोट भएको लाभग्राहीलाई उक्र रकम लगानी गरि निर्धारित समयमा किस्ता असुलिको पर्याप्त आधार नभएमा सहकारीले उक्त व्यहोरा गाउँपालिका समक्ष जानकारी गराउन पर्नेछ ।

FINAL COPY

२३. गाउँपालिकाले सिफारीस गरे बमोजिमका कार्यक्रम सञ्चालन गर्न ईच्छुक एवं छनौट भएको सहकारीले यस कार्यविधिको **अनुसुची १** बमोजिम गाउँपालिकासँग सम्झौता गर्नु पर्नेछ । तर कुनै कारणले कुनै कार्यक्रम सञ्चालन गर्न ईन्कार गरेमा सो सम्वन्धी सन्चालक समितिको निर्णय सहित लिखित जानकारी गाउँपालिकालाई गराएमा समितिले निर्णय गरी अर्को सहकारीसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न / गराउन सक्नेछ ।

२४. लगानीका लागि गाउँपालिकाले प्रत्येक आ.व. मा सार्वजनिक सूचना जारी गरी आवेदकहरुको सूची तयार गरी राख्नेछ र सो सूचीको आधारमा नै लगानीको प्राथमिकता निर्धारण गर्नेछ । यसरी सूची तयार गर्नु पूर्व त्यस्तो आवेदकको मुलभुत रुपमा निम्न कुराहरु हेरिनेछ ।

- लाभग्राही आफैले सम्वन्धित क्षेत्रमा गरेको वा गर्न सक्ने लगानीको अवस्था,
- लाभग्राहीको ऋण तिर्न सक्ने क्षमता,
- लाभग्राहीले ऋण तिर्न देखाएको तत्परता
- लाभग्राहीले समयमा नै किस्ता असुलिका लागि प्रस्तुत गरेको विश्वसनीय आधारहरु,
- लाभग्राहीले सञ्चालन गर्न लागेको व्यावसायको अवस्था (साझेदारी व्यावसायलाई विशेष प्राथामिकता दिईने छ)

२५. सहकारीले लगानी गरेको रकम वा ऋण फिर्ता हुने समयावधि पूरा भएपछि गाउँपालिकाले उक्त रकम सहकारी संस्थामा फिर्ता भई सकेको मान्नेछ र सहकारी संस्थाले गाउँपालिकामा फिर्ता गर्न बाँकी सम्पुर्ण रकम किस्ता असुलीहुने अन्तिम मितिले १५ दिन भित्रमा गाउँपालिकाको खातामा जम्मा गरि सो को जानकारी गराउनु पर्नेछ। समयमा रकम फिर्ता नगर्ने सहकारीलाई गाउँपालिकाले पुनःउक्त रकम लगानी गर्ने छैन ।

२६. यस कार्यविधिको दफा ६ को उप दफा (ग) बमोजिमको ऋण प्रवाह गर्दा कुल पूंजी लगानी वढीमा रु. दश लाख सम्म भएका व्यावसायका लागि मात्र गरिने छ ।

## परिच्छेद ५
## ऋण असुली सम्वन्धी व्यवस्था :

२७. यस कार्यविधि बमोजिम सहकारी संस्था मार्फत लगानी गरिएको ऋण असुली गर्ने प्रमुख दायित्व संस्थागत रुपमा सम्वन्धित सहकारीको र व्यक्तिगत रुपमा ऋण लगानी गर्दाको अवस्थामा सहकारी संस्थाको सञ्चालक समितिमा रहेका सवै पदाधिकारी तथा सदस्यहरु प्रति समान रुपमा रहनेछ ।

२८. सम्वन्धित ऋणीले समयमा ऋण नतिरेको भनी सञ्चालक समितिले निर्णय गरी स्थानीय निकायबाट प्रवाह हुने विभिन्न किसिमका सेवा सुविधा मध्ये व्यक्तिगत घट्ना दर्ता र आधारभूत स्वास्थ्य सेवा बाहेक गाउँपालिका भित्र रहेका सवै सरकारी निकायबाट जारी हुने सेवा सुविधा ऋण चुक्ता नभए सम्मको लागि स्थगन गर्न अनुरोध भई आएमा त्यस्तो सेवा सुविधा स्थगन गरिनेछ ।

FINAL COPY

२९. यस कार्यविधि बमोजिम लगानी गर्दा सहकारीले सम्वन्धित ऋणीले निर्धारित समयमा ऋण असुलीको आधार सहित नियमानुसार धितो जमानत लिइ सोहि बमोजिमको लिखत गर्नु पर्दछ र सो को जानकारी सम्वन्धित वडा कार्यालयलाई पनि दिनु पर्दछ । यस्तो लिखतको ढाँचा **अनुसुची २** मा उल्लेख भए बमोजिम हुनेछ ।

३०. यस कार्यविधि बमोजिम लगानी गरेको ऋण समयमा नै असुल उपर गर्नको लागि सहकारीले पर्याप्त कडाई र आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

३१. सहकारीले लाभग्राहीबाट ऋण असुली गराउँदा ६/६ महिनाको किस्ता निर्धारण गरि ४ किस्तामा असुली गराउनु पर्नेछ ।

३२. सहकारीले लगानी गर्दा पशुपालमा आधारित व्यवसायको अनिवार्य रुपमा र अन्य व्यवसायको प्रकृति अनुसार बीमा गराउनु पर्ने छ ।

## परिच्छेद ६
## अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी व्यवस्था :

३३. गाउँपालिकाले लाभग्राहीहरुको सूचीकरण गर्नु पूर्व तथा सहकारी संस्थाहरुले लगानी गरे पछि समय समयमा तोकिए बमोजिमका कर्मचारीहरु मार्फत अनुगमन गराउन सक्नेछ ।

३४. सम्वन्धित सहकारी संस्थाहरुले आफुले लगानी गर्नु पूर्व र लगानी गरे पछि अनिवार्य र नियमित रुपमा तोकिए बमोजिम अनुगमन गर्नु गराउनु पर्नेछ । लगानी गर्नु पूर्व सहकारीले यसरी गर्ने अनुगमनबाट लगानी उठ्ने कुरामा विश्वस्त हुन नसक्ने भएमा कारण खुलाई छनौट भएको उक्त लाभग्राहीको नाम सञ्चालक समितिको निर्णय सहित गाउँपालिकामा फिर्ता पठाउन सक्नेछ । यसरी फिर्ता आएमा कार्यक्रम छनोट तथा शिफारिस समितिले निर्णय गरी सोही वडाको बैकल्पीक लाभग्राही वा अन्य वडाको लाभग्राहीको नाम सिफारीस गरी पठाउन सक्नेछ ।

## परिच्छेद ७
## कार्यक्रम सञ्चालन खर्च र लेखा परीक्षण सम्वन्धी व्यवस्था :

३५. यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको सञ्चालन खर्च अन्तरगत कार्यक्रम छनोट तथा शिफारिस समितिको वैठक खर्च तथा कार्यक्रम अनुगमन खर्च गाउँपालिकाले व्यवस्था गर्नेछ ।

FINAL COPY

३६. सहकारीले कार्यक्रम सञ्चालनका लागि आवश्यक खर्च व्यवस्थापनका लागि कार्यक्रम छनोट तथा शिफारिस समितिले निर्धारण गरे अनुसारको व्याज असुल गरि उक्त रकमबाट सहकारीको व्यवस्थापन खर्च गर्न सक्नेछ ।

३७. यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सहकारीमा पठाईको रकम वा सम्वन्धित ऋणिले सहकारीलाई ऋण फिर्ता गरेको रकम अन्य कुनै कार्यमा खर्च गर्न पाईने छैन । त्यसरी खर्च गरेमा खर्च गर्नेबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । यस्तो रकम अन्यत्र खर्च गर्न निर्णय गरेको पाइएमा निर्णय गर्नेहरुमध्येबाट र निर्णय नै नगरी खर्च गरेमा त्यस्तो खर्चको लेखा राख्ने, खर्च गर्ने र खाता सञ्चालकहरु मध्येबाट दामासाहिले सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३८. गाउँपालिकाबाट सहकारीमा उपलब्ध गराईएको रकमलाई सहकारीले फिर्ता गर्नुपर्ने दायित्वको रुपमा लेखा राख्नु पर्नेछ भने सहकारीले गरेको लगानीलाई सम्पतिको रुपमा अभिलेख राखि संस्थाको वार्षिक लेखा परिक्षण गराउनु पर्नेछ । सहकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्रमा लोखापरिक्षण कार्य सम्पन्न गरि गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३९ यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको सहकारीले राखेको लेखाको गाउँपालिकाले समय समयमा निरीक्षण गर्नु /गराउनु पर्ने छ ।

## परिच्छेद ८
## विविध

४०. यस कार्यविधि बमोजिम कुनै कार्यक्रम सञ्चालनमा तत्काल कुनै समस्या वा बाधा अवरोध आएमा कार्यक्रम छनोट तथा शिफरिस समितिले त्यस्तो बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग गर्न सक्नेछ ।

४१. यस कार्यविधिमा लेखिएको वाहेक अन्य कुराहरु समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

४२. यस कार्यविधि बमोजिम लगानी भएको सरकारी रकमको सुरक्षित, संरक्षित र व्यवस्थित रुपमा परिचालन गर्नु सम्वन्धित सहकारीका सञ्चालकहरुको हुनेछ । यस्तो रकम अपचलन भएमा वा मासिए वा नासिएमा त्यस्ता सञ्चालकहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

४३. यस कार्यविधि बमोजिम लगानी हुने रकमको संरक्षण गर्न समितिले सो सँग सम्वन्धित आवश्यक जुनसुकै निर्णय लिन, सम्वन्धित सहकारी संस्था र सम्वन्धित व्यक्ति वा अन्य सम्वन्धित निकायलाई आवश्यक अनुरोध गर्न, निर्देशन दिन वा आदेश दिन सक्नेछ ।

४४. यस कार्यविधिमा लेखिएको कुरा नेपालको अन्य कुनै संघीय वा प्रदेश कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

४५. यस कार्यविधि बमोजिम सहकारी संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमको हिसाव किताव अलग्गै र प्रष्टसँग राख्नु पर्ने छ ।

FINAL COPY

४६. समय समयमा गाउँपालिकाले सम्वन्धित निवेदक र सहकारी संस्थाका पदाधिकारीबीच अन्तक्रिया र छलफल चलाउन सक्नेछ ।

४७. यस कार्यविधि बमोजिम समितिले के कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने भन्ने विषयमा आवश्यक निर्णय गर्न सक्नेछ ।

**४८. खारेजी:** आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन गर्न बनेको कार्यविधि २०७७ खारेज गरिएको छ । साथै "आय आर्जनको लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०७७ अनुसार भएका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

FINAL COPY

## अनुसुची १
## दफा २१ सँग सन्वन्धित
## सहकारी संस्था र गाउँपालिका वीच हुने सम्झौता पत्र

लिखितम् सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङ्पाल गाउँपालिका ( यस पछि पहिलो पक्ष भनिएको ) र सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ...... मा रहेको दर्ता नं. ........... /दर्ता मिति ................... भएको श्री .................................................................. सहकारी संस्था लिमिटेड ( यस पछि दोस्रो पक्ष भनिएको ) बीच तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्न तपसिल बमोजिमका शर्तहरु मान्य हुने गरी यो सम्झौता पत्रमा सहीछाप गरि लियौं/दियौं ।

**पहिलो पक्षले पालना गर्नु पर्ने शर्तहरु :**

१. यस सम्झौता पत्रमा उल्लेख भए बमोजिमका कार्यक्रमहरु यसमा उल्लेख भएका निबेदकहरु सँग सहकारी संस्थाको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी कार्यसम्पन्नको सक्कलै फाईल प्रथम पक्ष समक्ष पेश भए पछि प्रथम पक्षले सो बरावरको रकम दोस्रो पक्षको बैक खातामा जम्मा हुने गरी भुक्तानी दिने छ ।

२. प्रथम पक्षले फाईलमा संलग्न कागजहरु मध्ये कुनै अपुग भए सो कागजात माग गर्न सक्ने छ ।

३. दोस्रो पक्षलाई कार्यक्रम सञ्चालन खर्चको भुक्तानी प्रत्येक कार्यक्रमको रकम भुक्तानी गर्दा सँगै गर्नेछ ।

**दोस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरु :**

१. यस सम्झौता पत्र बमोजिम कार्यक्रम सञ्चालनको लागि पठाइने रकमको पूर्ण सुरक्षाको प्रत्याभूति दिनु पर्नेछ । यो रकम घट्ने / नासिने वा मासिने छैन । लगानी फिर्ता गर्ने समय अवधि समाप्त भए पछि सो रकम दोस्रो पक्षसँग छ भन्ने कुरा प्रथम पक्षले ठान्नेछ ।

२ सञ्चालन भएको कार्यक्रमको नियमित अनुगमन गर्नु / गराउनु पर्नेछ ।

३. यस सम्झौता पत्रमा तोकिए बमोजिमका कार्यक्रमहरु सम्पन्न गराई चालु आ.व. ०७७/०७८ को ज्येष्ठ १५ गते भित्र सवै रकम भुक्तानी लगिसक्नु पर्ने छ ।

४. यस कार्यक्रम सञ्चालन हुँदाका वखत रहेका यस सहकारी संस्थाका सवै पदाधिकारीहरु व्यक्तिगत रुपमा र सहकारी संस्था संस्थागत रुपमा कार्यक्रम प्रति जिम्मेबार रहने छन् । यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न दोस्रो पक्षलाई प्राप्त भएको रकमको कुनै कारणले दुरुपयोग भएमा वा ऋण वापत प्रदान गरिएको रकम सुरक्षित नभएमा सो बरावरको रकम दोस्रो पक्षको संस्थागत र व्यक्तिगत रुपमा जिम्मेवार रहेका पक्षहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**विशेष प्राथामिकता प्राप्त कार्यक्रमहरु :**

| सि.नं | निबेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सञ्चालन खर्च | कार्यक्रम वापत पाउने रकम | नियमानुसार कट्टी भएको / हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |



FINAL COPY

**कल्याणकारी कार्यक्रमहरु कार्यक्रमहरु :**

| सि.नं | निवेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सञ्चालन खर्च | कार्यक्रम बापत पाउने रकम | नियमानुसार कट्टी भएको / हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**चक्रिय रुपमा पूजी परिचालन (ऋण लगानी अन्तर्गतका ) बमोजिमका कार्यक्रमहरु :**

| सि.नं | निवेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सञ्चालन खर्च | कार्यक्रम बापत पाउने रकम | नियमानुसार कट्टी भएको / हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

दोस्रो पक्षको तर्फबाट :
श्री ..........................
अध्यक्ष , ...................................सहकारी संस्था
सही :

पहिलो पक्षको तर्फबाट :
श्री ...................
प्रमुख प्रशासकीय अधिकृत
सही :

**ईति सम्वत् २०......साल .......महिना ......गते रोज .......शुभम् ।**

FINAL COPY

## अनुसुची २
## सहकारी संस्थाले दफा २७ बमोजिम लाभग्राहीसँग गर्ने लिखत्को नमूना
## तमसुक

लिखितम् धनीका नाम आगे सिन्धुपाल्चोक जिल्ला ............ गाउँपालिकामा रहेको श्री ................................................सहकारी संस्था लि. को धन ब्यहोर्ने ऋणीको नाम श्री..........................................को नाती/नातीनी श्री.................................... को छोरा/छोरी सिन्धुपाल्चोक जिल्ला ........................... गाउँपालिका वडा नं. ...... बस्ने बर्ष.........को श्री.........................................ले ......................... काम गर्नका लागी उल्लेखित शर्तहरु र तपशिल बमोजिमको साक्षी जमानी राखी समितिको नीति नियम र निर्देशन समेतलाई पालना गर्ने गरी आजका मितिमा रु........... अक्षेरुपी....................................... मात्र) ऋण लिएको साँचो हो । उक्त ऋण रकम र सो मा वार्षिक .........% का दरले हुन आउने व्याज समेत गरि हुन आउने सावाँ तथा व्याज रकम मिति ....................... सम्ममा ............. किस्तामा बुझाउन राजिखुसी भई यो तमसुक गरिदिएको छु । जुन कामका लागी ऋण लिएको हो सो काममा नलगाएमा वा भाखा भित्र साँवा तथा व्याज नबुझाएमा सहकारीको नियम अनुसार लाग्ने हर्जाना/बिलम्ब शुल्क समेत बुझाउन मञ्जुर छु । कथंकदाचित मैले बुझाउन पर्ने साँवा, ब्याज र हर्जाना समेत नबुझाएमा तपशिल बमोजिमको ब्यक्तिहरुको जमानीबाट असुलउपर गरिलिनु र उक्त ब्यक्तिहरुबाट पनि असुल उपर हुन नसकेमा अन्य मेरा तथा मेरो एकाघरको संगोलको नाममा रहेको चल अचल श्रीसम्पतीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिलिनु भएमा कुनै प्रकारको उजुर वाजुर गर्ने छैन भनी मेरा राजीखुशी तथा मञ्जुरीले किनाराका साक्षीका रोहबरमा यसै सहकारीमा बसी यो तमसुकमा सहीछाप गरी सहकारीलाई दिएको छु ।

***साक्षीः***

जिल्ला..................न.पा./गा.पा ................वडा नं. .. टोल ...............बस्ने वर्ष .... को सदस्यता नं. ........... भएको ....................................................... १

जिल्ला..................न.पा./गा.पा ................वडा नं. .. टोल ...............बस्ने वर्ष .... को सदस्यता नं. ........... भएको ....................................................... १

जिल्ला..................न.पा./गा.पा ................वडा नं. .. टोल ...............बस्ने वर्ष .... को सदस्यता नं. ........... भएको ....................................................... १

**ऋणीको सही छापः ..........................**

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**ईति सम्वत् २०......साल .......महिना ......गते रोज .......शुभम् ।**



FINAL COPY